पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस २२ गते सोमबार ❑ 5 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## आधुनिक दासत्व र मानव तस्करी विरुद्ध एक होऔँ: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस




गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले विश्वसामु नयाँ चुनौतीका रूपमा देखापरेको आधुनिक दासत्व र मानव तस्करी अन्त्यका लागि सबै एकजुट हुनुपर्नेमा जोड दिनुभएको छ।

कोपिला नेपालको आयोजनामा पोखरामा आयोजित 'दक्षिण एशियामा आधुनिक दासत्व र मानव ओसार पसारका विरुद्ध तीन दिवसीय क्षेत्रीय सम्मेलन' को समुद्घाटन कार्यक्रममा प्रमुख अतिथि भट्टले मानव बेचबिखन तथा ओसार पसार एक गम्भीर सामाजिक तथा मानवता बिरुद्धको विश्वव्यापी समस्या रहेको उल्लेख गर्नुभयो । उहाँले शुरुमा मानव बेचविखन दास र बधुवा श्रमिक वा यौनदासीको रुपमा मात्र सीमित रहेको आजको युगमा आधुनिक दासताका रुपमा देखापरेको बताउनुभयो । मानव बेचबिखन तथा ओसारपसारको समस्यामा विशेष गरी बालिका र महिला प्रभावित भएको भन्दै उहाँले आधुनिक दासतालाई रोक्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रयत्न भइरहेको बताउनुभयो ।

मानवअधिकार विरुद्धको कार्यलाई रोक्न समाजले सकारात्मक भूमिका निर्वाह गर्न जरुरी रहेको उल्लेख गर्दै उहाँले पीडित तथा प्रभावितलाई सम्मानपूर्ण जीवनयापनका लागि उपयुक्त वातावरण सिर्जना गर्न सरकारका साथै नागरिक समाज र सबै सरोकारवालाले हातेमालो गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

यो सम्मेलनबाट आर्जित ज्ञान र अनुभवलाई प्रयोग गर्दै बालबालिका तथा लैंगिक समानता सम्बन्धी नीति निर्माण र कार्यान्वयनमा रहेका पदाधिकारी एवं प्राज्ञिकहरु लाभान्वित हुने, नेपालका संघसंस्थाहरुले गरेको अभियान र प्रगति अन्तर र्राष्ट्रियकरण गर्नमा सहयोग पुग्ने अपेक्षा पनि उहाँले गर्नुभयो ।

'चेतनाको अभाव, गरिबी, समाजमा विद्यमान असमानता, विभेद, शोषण, बेरोजगारी, लैंगिक विभेद, पारिवारिक हिंसा र अशिक्षा नै मानव बेचबिखन तथा ओसार पसारका प्रमुख कारणहरु हुन् ।' - प्रदेश प्रमुख भट्टले भन्नुभयो- ' विश्वसामु आधुनिक दासत्वको अँध्यारो पक्षसँग कसरी लड्ने भन्ने गम्भीर चुनौतीपूर्ण प्रश्न तेर्सिएको छ। नेपाल र तेस्रो विश्वका अन्य मुलुकका लागि त झन् यो भयावह रूपमा देखापरेको छ।' मानव बेचविखन विरुद्ध जनचेतना वृद्धि गर्ने उद्देश्य राखिएको यस सम्मेलन दक्षिण एशियाली मुलुका अभियानकर्मीबीच आपसी सिकाई र राम्रो अभ्यासहरूको आदानप्रदानका लागि फलदायी बन्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो - 'दासत्व र मानव बेचविखन विरुद्ध साझा सञ्जाल निर्माण गर्न र सरोकारवालाबीच संवादलाई प्रोत्साहन गर्न यस्ता कार्यक्रम लाभदायक रहनेछ।'

सम्मेलनमा छिमेकी मित्रराष्ट्र भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका लगायत विभिन्न मुलुकहरुमा सामाजिक तथा बालबालिकाका क्षेत्रमा कार्यरत अभियानकर्मीको सहभागिता रहेको छ । वाक फ्री र आईएलओको पछिल्लो प्रतिवेदन अनुसार संसारभर ५ करोड मानिस आधुनिक दासका रूपमा बाँचिरहेका छन् । मानवअधिकार आयोगको मानव बेचबिखनविरुद्धको प्रतिवेदन अनुसार नेपालमा वार्षिक करिब ३५ हजार व्यक्ति बेचिने गरेका छन्। नेपालको संविधान र कानुनले यस अपराधलाई रोकी नागरिकको मानव अधिकारको सम्मान गर्ने प्रयत्न पनि गरेको छ। संविधानको धारा २९ मा शोषण विरुद्धको हक सुनिश्चित गर्दै मानिसलाई बेचबिखन गर्न, दास बनाउन पाइने छैन र इच्छा विरुद्ध काममा लगाउन पाइने छैन भन्ने व्यवस्था छ।

मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ मा मानव बेचबिखन र ओसारपसार गर्ने कसुरका विरुद्धमा कानुनी कारबाहीको व्यवस्था छ । राष्ट्र संघीय दासत्व महासन्धिको नेपाल पक्ष राष्ट्र बनेको १९६३ मै हो। यस्तै, जिउ मास्ने बेच्ने तथा शारीरिक शोषणको दमनको लागि व्यवस्था भएको महासन्धिको १९९५ मा पक्ष राष्ट्र बनेको हो । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धिको नेपालले १९९१ मा अनुमोदन गरेको हो। बाल अधिकार सम्बन्धी महासन्धि १९८९ को पनि नेपाल पक्ष राष्ट्र हो । नेपालमा वि.सं. १९८१ मै दासत्व उन्मुलन, २०५८ मा कमैया श्रम निषेध ऐनमार्फत सबै प्रकारका दास प्रथाको अन्त्य, २०६३ मा हलिया प्रथा अन्त्य र हरूवा-चरुवा समुदायको मुक्ति घोषणा गरिएको छ।

## अर्थतन्त्र सुधारका लागि सरकारले विशेष जोड दिनुपर्छः महामन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस



नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले अर्थतन्त्र सुधारका लागि सरकारले विशेष जोड दिनुपर्ने बताउनुभएको छ।

पोखरामा आइतबार आयोजित कार्यक्रममा उहाँले वर्तमान अवस्थामा सङ्कलन हुने राजस्वमा ३५ प्रतिशतले वृद्धि गर्न सकेमात्रै देशका आवश्यकता र राजनीतिक लक्ष्य पूरा हुने भन्दै यसतर्फ गम्भीर भएर लाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

महामन्त्री थापाले राजनीतिक स्थिरता भएमात्र उद्योग व्यवसायमा लगानी बढ्ने भएकाले स्थिरता र विकास निर्माणका लागि उद्योगी व्यवसायीसँग सहकार्य गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो। "सहज रूपमा उद्योग सञ्चालन गर्न र विदेशी पर्यटकलाई आकर्षित गर्न हवाई टिकटको शुल्क घटाएर भए पनि नेपालको अर्थतन्त्रलाई बलियो बनाउन जरूरी छ । राजमार्गको स्तरोन्नति, पर्यटन पूर्वाधारमा लगानी गरी सहज वातावरण बनाउन सरकारले योजनाबद्ध रूपमा काम गर्नुपर्छ", उहाँले भन्नुभयो। राजनीतिक स्थिरताका लागि वर्तमान निर्वाचन प्रणालीमा सुधार गर्ने विषयमा छलफल भइरहेको भन्दै महामन्त्री थापाले कुनै पनि दलको बहुमत नहुँदा विकास निर्माण र जनचाहना पूरा हुन नसकेकाले यस विषयमा दलहरू सहमतिका साथ अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

व्यवसायी माइकल कर्माचार्यले पछिल्लो चार महिनामा नेपालको व्यापारघाटा चार सय ६१ करोड रहेको बताउँदै सुधारका लागि सरकारले योजना अगाडि सार्नुपर्ने धारणा राख्नुभयो । लेखनाथ उद्योग वाणिज्य सङ्घका महासचिव जानुका पराजुलीले उद्योगीले उत्पादन गरेका वस्तुको बजारीकरणका लागि सरकारले सहजीकरण गर्नुपर्ने बताउनुभयो।

पर्यटन व्यवसायी एवं पर्यटन बोर्डका पूर्वसदस्य टीकाराम सापकोटाले गण्डकी प्रदेशका होटलको क्षमता ३५ हजार भए पनि हाल ३० देखि ४० प्रतिशत मा 'अकुपेन्सी' रहेको बताउनुभयो । उहाँले पर्यटन क्षेत्रको पुँजी पलायन भइरहेकामा चिन्ता व्यक्त गर्नुभयो । पर्यटन व्यवसायी सोम थापाले पर्यटन व्यवसाय धराशायी हुँदै गएकाले यसलाई उकास्न विशेष ध्यान दिन सरकारलाई आग्रह गर्नुभयो। पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पर्यटन क्षेत्रमा देखिएको मन्दीलाई उकास्न 'सस्तो प्याकेज' दिएर भए पनि विदेशी पर्यटकलाई नेपाल घुम्ने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो।

त्यस अवसरमा उद्योगी बाबुराम गिरी, गणेशबहादुर भट्टराई, गणेश थापा, गीता लामिछानेलगायतले उद्योग व्यवसायलाई सहज रूपमा व्यापार व्यवसाय गर्ने वातावरण बनाउनका लागि आग्रह गर्नुभयो।

## 'जनप्रतिनिधि राजनीतिको घेराबन्दीभन्दा माथि उठ्न जरुरी'

**पोखरापत्र संवाददाता**
लमजुङ, २१ पुस



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराजपाण्डेलेजनप्रतिनिधिहरू राजनीतिको घेराबन्दीभन्दा माथि उठ्न जरुरी भएको बताउनुभएको छ।

लमजुङ बैंसीसहर नगरपालिका-७ मा गण्डकी प्रदेश नीति तथा योजना आयोगद्वारा आयोजित दोस्रो पञ्चवर्षीय योजना तहसम्बन्धी अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "हाम्रा धेरै योजना भोट केन्द्रित छन्, जनताले विकास महसुस गर्नेगरी काम गर्नुपर्छ ।" मुलुकले २०४८ सालपछि विकासमा फड्को मारेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले खानेपानी, शिक्षा, स्वास्थ्य, बिजुलीलगायत क्षेत्रमा विकास हुँदै गएको बताउनुभयो।

अहिले दुई ठूला पार्टीको सरकारले केही पनि गर्न नसकेको भनेर भ्रम फैलाउने काम भइरहेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले त्यसलाई चिरेर अघि बढ्नुपर्ने र यसका लागि योजनाबद्ध ढङ्गले काम गर्न जरुरी भएको बताउनुभयो । उहाँले प्रदेश सरकारले सबैभन्दा बढी खर्च पूर्वाधार निर्माणमा गरिरहेको बताउनुभयो।

बहुवर्षीय योजनालाई निरन्तरता दिएको र सबै योजनाका लागि बजेट उपलब्ध गराएको उहाँले बताउनुभयो।

## नेत्ररोग विशेषज्ञ डा रुइत पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस



वरिष्ठ नेत्ररोग विशेषज्ञ डा सन्दुक रुइत पोखरामा यस वर्षको श्रीपती समाज सेवा राष्ट्रिय पुरस्कारबाट पुरस्कृत हुनुभएको छ।

पोखरा महानगरपालिका-९ महेन्द्रपुलमा रहेको श्रीपति कोइराला गुठीले स्थापना गरेको सो पुरस्कार स्वास्थ्य तथा मानवीय सेवाका क्षेत्रमा देशको नाम अन्तर्राष्ट्रियस्तरमा चिनाउन सफल रुइतलाई प्रदान गरिएको हो । तिलगङ्गा आँखा प्रतिष्ठानका कार्यकारी निर्देशकसमेत रहनुभएका डा रुइतलाई गुठीको ३२औँ वार्षिक साधारणसभा समारोहमा पोखरा-९ का वडाध्यक्ष दिपेन्द्र मर्सानीलगायतले शनिबार रु दुई लाख २२ हजार दुई सय २२ सहित श्रीपति समाज सेवा पदक र ताम्रपत्रबाट पुरस्कृत गर्नुभयो। कार्यक्रममा डा रुइतले सम्मानले आफूलाई जिम्मेवार बन्दै थप समाज सेवाका लागि अभिप्रेरित गरेको बताउनुभयो।

यसैगरी सामाजिक पत्रकारिता पुरस्कारबाट वरिष्ठ पत्रकार नारायण कार्की सम्मानित हुनुभएको छ । पत्रकारिताका माध्यमबाट सामाजिक सेवामा पुऱ्याएको योगदानको कदरस्वरुप उहाँलाई नगद रु २२ हजार दुई सय २२ राशिसहित दोसल्ला र सम्मानपत्रले सम्मानित गरिएको हो। देश र जनताका लागि विपद्मा उद्धार तथा राहत सहयोग, शिक्षा, संस्कृति, स्वास्थ्य सेवा, विज्ञान प्रविधि, सामाजिक जागरण, मानवीय सेवा र सामुदायिक विकासको क्षेत्रमा क्रियाशील व्यक्तित्वलाई श्रीपति समाज सेवा राष्ट्रिय पुरस्कार प्रदान गर्दै आएको श्रीपति कोइराला गुठीका सचिव नवराज कोइरालाले

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# रोटरी क्लवद्धारा पोखरामा निशुल्क पाठेघरको मुखको भिआईए परीक्षणमा झण्डै ५ प्रतिशत पोजेटिभ

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस

रोटरी क्लव अफ पोखरा न्युरोड र रोटरी क्लब अफ नक्शाल शक्तिको संयुक्त आयोजना तथा गण्डकी मेडिकल कलेजको प्राविधिक सहयोगमा रोटरी बर्ष २०२४/२५ मा महिलाहरुको निशुल्क पाठेघरको मुखको भिआईए परिक्षणमा ८२ जना मध्येमा ३ जना महिलामा पोजेटिभ देखिएको छ।



पोखरा महानगरपालिका वडा नं १६ मा जुम्लेटीमा आयोजना गरिएको सो शिविरमा सहरी सुविधा भएपनि जनचेतनाको कमीका कारण महिलाहरुले समय-समयमा स्वास्थ्य परिक्षण नगर्दा सो परिणाम आएको पोखरा महानगरपालिका वडा नं १६ का वडाअध्यक्ष अमृत तिम्सिना बताउनुभयो। पोजेटिभ देखिएका महिलाहरुको थप उपचार गण्डकी मेडिकल कलेजमा उपचार गरिनेछ। यही पौष १८ गते देखि विभिन्न चरणमा यो वर्ष भरि नै करिब करिव १ हजार ५ सय जना महिलाहरुको निशुल्क पाठेघरको मुखको परिक्षण सेवा प्रदान गर्ने योजनामा रहेको रोटरीले आगामी शनिबार सोही शिविर वडा नं ७ मासबारमा गर्ने क्लबका अध्यक्ष दिपेन्द्र शर्माले जानकारी दिनुभयो । स्वार्थ भन्दा माथी सेवा भन्ने मूल उद्देश्यका साथ स्थापित रोटरीले महिला तथा शिशु स्वास्थ्य अन्तरगत रहेर यो परिक्षण कार्यलाई यस बर्ष विभिन्न चरणमा कास्की, तनहुँ, स्याङ्गजा, पर्वत, बागलुङ लगायतका गण्डकी प्रदेशका जिल्लाहरुका विभिन्न पालिका र वडाहरुका महिलाहरुमा भिआईए परिक्षण गर्न गईरहेको डिष्ट्रिक मेम्भरसिप चियर सुवास सिग्देलले जानकारी दिनुभयो । महिलामा पाठेघरको मुखको क्यान्सरको समस्या बढी रहेको कारणले पनि ग्रामीण भेगमा यसको पहुँच पुर्‍याउन यो कार्यक्रम सहयोगी भन्ने गण्डकी मेडिकल कलेजका संचालक एवं रोटरी क्लव अफ नक्शाल शक्तिका संस्थापक अध्यक्ष डा. लुना अर्यालले बताउनुभयो । अधिकांश महिलाहरूमा पछिल्लो समय पाठेघरको मुखको भिआइए परिक्षण नगर्दा देखिएको समस्या-क्यान्सरबाट पिडीत भई आन्तिम प्रहरमा पुगेपछि मात्र थाहा पाउने अवस्थाबाट महिलाहरु सजग रहने बातावरण बन्न सकोस् भन्ने मूल उद्देश्य अनुरुप यस कार्यक्रमलाई मेडिकल कलेजको सहयोग रहेको कुरा डा. अर्यालले बताउनुभयो । सो कलेजका प्रध्यापक वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. चण्डीका पंडितले २९ बर्ष देखि ६५ बर्ष महिला समुहमा हुने यस समस्याका लागि प्रारम्भिक जाँच गर्न जरुरी रहेको हुँदा यो अभियान सुरु गरिएको बताउनुभयो । उहाँले नेपालमा १५ वर्ष वा माथिका ११.५ प्रतिशत महिलाहरू पाठेघरको मुखको क्यान्सरको जोखिममा रहेको तथ्याङ्क बारे जानकारी दिनुभयो । हरेक वर्ष २ हजार २ सय ४४ महिलामा पाठेघरको मुखको क्यान्सर हुने गरेको र १ हजार ४९३ जनाले यस रोगबाट मृत्यु हुने गरेको उहाँले बताउनुभयो।

# सफल 'प्रिमियम काउ घी' बजारमा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस

सुजल डेरीले उपभोक्ताका लागि गाईको शुद्ध दूधबाट उत्पादन गरिएको 'सफल काउ घी' पोखराको बजारमा ल्याएको छ। '

सफल काउ घी' उच्च प्रविधिको प्रयोगमार्फत तयार पारिएको शुद्ध, दानेदार र बास्नादार घिउ भएको डेरीले जनाएको छ । यसले खाना परिकारलाई अझ स्वादिष्ट बनाउने कम्पनीले जनाएको छ।




भिटामिन ए जस्ता पोषक तत्वयुक्त 'सफल काउ घी' ले दृष्टि सुधार गर्न, रोग प्रतिरोधात्मक क्षमता बढाउन, र छालालाई स्वस्थ राख्न सहयोग पुर्‍याउने दाबी गरिएको छ। 'सफल काउ घी' परिकारलाई स्वादिष्ट र पौष्टिक बनाउने मात्र नभई नेपाली परम्परागत खाना दाल-भातमा सबैभन्दा उपयुक्त हुने कम्पनीले बताएको छ। यो विभिन्न मिठाइ बनाउन, रोटि र पराठामा टपिङ्सका रूपमा प्रयोग गर्न सकिने उल्लेख छ।

नेपाली धार्मिक तथा सांस्कृतिक महत्वलाई समेत समेट्ने यो घिउ हिन्दू परम्परागत पूजा तथा अनुष्ठानमा प्रयोग गरिने पञ्चामृत बनाउनका लागि उपयुक्त मानिन्छ । 'सफल काउ घी' आधा लिटर प्याकमा ७५० रुपैयाँ पर्ने भए पनि विशेष लञ्च अफर अन्तर्गत २५ रुपैयाँ छुटसहित अहिले पोखरामा ७२५ रुपैयाँमा उपलब्ध रहेको सुजल डेरीले जनाएको छ।

यो घिउ आधुनिक 'आइएमएल टब प्याकेजिङ'मा उपलब्ध छ । पुनः प्रयोग गर्न मिल्ने प्याकेजिङ यो घिउको विशेषता हो । 'सफल काउ घी' आफ्नो गुणस्तर, विशिष्ट स्वाद र शुद्धताका कारण उपभोक्ताको पहिलो रोजाइ बन्ने विश्वास कम्पनीले लिएको छ।

# खेलकुद पत्रकार मञ्च गण्डकीको तेस्रो अधिवेशन माघ १० गते हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको तेस्रो अधिवेशन आगामी माघ १० गते बिहीबार हुने भएको छ।

मञ्चका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा आइतबार पोखरा रङ्गशालाको मिडिया सेन्टरमा बसेको कार्यसमितिको छ्यालीसौं बैठकबाट अधिवेशनको मिति तय गरिएको महासचिव राजाराम पौडेलले जानकारी दिए । अधिवेशनले नयाँ नेतृत्व चयन गर्नेछ। मञ्चमा ७४ जना खेलकुद बिटमा कलम चलाउने पत्रकार आवद्ध रहेका छन् । अधिवेशन सहभागी बन्न मञ्चमा आवद्ध सदस्यले माघ ७ गते भित्र सदस्यता नवीकरण गर्नुपर्नेछ। सदस्यता नवीकरणको लागि संयोजन गर्ने जिम्मेवारी कोषाध्यक्ष कविता घर्तीमगरलाई दिइएको महासचिव पौडेलले बताए।

मञ्च गण्डकीले पाँचौ साधारणसभा तथा विधान अधिवेशन मार्फत विधान संशोधन सहित जिल्ला शाखा तथा समन्वय शाखा गठन, सदस्यता प्रदान, शुद्धिकरण, नवीकरण लगायतका विषयमा मापदण्ड बनाइएको थियो। विधान संसोधन पश्चात मञ्च गण्डकीको कार्यसमितिको कार्यकाल तीन वर्षबाट दुई वर्षमा छोटिएको छ । सदस्यताको हकमा समेत केही मापदण्ड तय गरिएको छ । विधान संसोधन गर्दा कार्यसमितिमा समावेशी उपाध्यक्ष र १ जना सदस्य थप गरेर १३ सदस्यीय बनाइएकोले सोही अनुसार नयाँ नेतृत्व चयन गरिने महासचिव पौडेलले जनाए । मञ्चका अध्यक्ष बरालले अधिवेशनलाई भव्य बनाउन तयारी सुरु गरिएको बताए। अधिवेशनको उद्घाटन गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गर्नेगरी तयारी भैरहेको उनले खुलाए। अध्यक्ष बरालले सबैको साथका कारण आफ्नो तीन वर्षे कार्यकाल सफल रहेको सुनाए। नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा समाचार सामाग्रीको जिम्मेवारी राष्ट्रिय खेलकुद परिषदले मञ्चलाई दिनु र प्राप्त जिम्मेवारीलाई कुशलतापूर्वक निभाउनुलाई महत्वपूर्ण उपलब्धि मानेका छन्। यसका अलावा खेल पत्रकारलाई अप्ठ्यारो पर्दा सहयोग गर्ने हेतुले अक्षयकोषको स्थापनाको सुरुवात बराल नेतृत्वको टिमले गरेको छ । विभिन्न कारणले अपेक्षाकृत रकम सङ्कलन हुने नसकेपनि अधिवेशनको दिनसम्ममा केही रकम थप्न पहल गर्ने प्रतिवद्धता उनको छ।

मञ्चले खेल पत्रकारको क्षमता अभिवृद्धिको लागि तालिम, नयाँ सदस्यता थप लगायत खेल क्षेत्रमा कलम चलाउने पत्रकारको हकहित र सहयोगको काम गरिरहेको अध्यक्ष बरालको भनाइ छ । सामाजिक उत्तरदायित्व बहन गर्ने कार्यमा समेत मञ्च उतिकै सक्रिय रहेको छ। मञ्चले हरेक वर्ष भव्य समारोहबीच आयोजना गर्ने पोखरा स्पोर्ट्स अवार्डले खेल क्षेत्रमा अगाडि बढ्नेलाई उत्प्रेरणा दिने कार्य मात्र नगरी मञ्च प्रतिको आकर्षण बढाएको छ । अध्यक्ष बरालले मञ्चमा आवद्ध सबै सदस्यलाई समयमै सदस्यता नवीकरण गरेर मञ्चको तेस्रो अधिवेशन सफल बनाउने कार्यमा सक्रिय सहभागीता जनाउन आग्रह गरेका छन्।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो । यो २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको थियो । देश संघीयतामा गएसँगै यसलाई नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रुपमा स्तोरोन्नति गर्दै २०७५ सालमा स्वायत्त संस्थाको रुपमा विकास गरिएको हो।

# गण्डकी प्रदेशको शिक्षा र अनुसन्धानमा योगदान गर्ने मन्त्री थापाको विश्वास

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले गण्डकी विश्वविद्यालयको आयोजनामा भएको "गण्डकी विश्वविद्यालय अन्तर्राष्ट्रिय सम्मेलन-२०२५" ले प्रदेशको शिक्षा र अनुसन्धानमा योगदान गर्ने विश्वास व्यक्त गरेका छन्।




पोखरामा "उच्च भविष्यका लागि नेटवर्किङ माइन्ड्स" विषयलाई केन्द्रमा राखेर आयोजना गरिएको उक्त सम्मेलनको महत्वलाई उनले उजागर गरेका हुन् । मन्त्री थापाले गण्डकी प्रदेशलाई शिक्षा, अनुसन्धान र सामाजिक विकासको केन्द्रका रूपमा स्थापित गर्ने दिशामा यस किसिमका अन्तर्राष्ट्रिय मञ्चहरूको भूमिका निर्णायक हुने बताए। उनले डा. सन्दुक रुइतजस्तो विश्वप्रसिद्ध व्यक्तित्वसँगको संवादले सबैलाई प्रेरित बनाएको र प्रदेशको विकासका लागि ठोस योजनाहरू निर्माण गर्न थप उत्प्रेरणा मिलेको उल्लेख गरे। सम्मेलनमा प्राज्ञिक, अनुसन्धानकर्ता र सामाजिक अगुवाहरूले आफ्ना विचार प्रस्तुत गरे।

गण्डकी प्रदेशलाई एक शिक्षामा आधारित, नवीन र समृद्ध प्रदेश बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँदै मन्त्री थापाले यस्ता सम्मेलनहरूले प्रदेशलाई थप ऊर्जा दिने बताए। कार्यक्रममा डा. सन्दुक रुइतले आफ्नो अनुभव र दृष्टिकोण प्रस्तुत गर्दै नेटवर्किङ, सहयोग र समर्पणले कसरी उज्ज्वल भविष्य निर्माण गर्न सकिन्छ भन्नेबारे विचार व्यक्त गरे।

सम्मेलनमा विभिन्न सत्रहरू सञ्चालन गरिनुका साथै प्रदेशको युवा, खेलकुद र सामाजिक विकासका लागि सम्भावनाका क्षेत्रहरूबारे छलफल समेत गरिएको थियो।

# 'एकजुट भएकाले प्रतिक्रियावादी शक्तिहरु आतङ्कित भएका छन्'

**रासस**
काठमाडौं, २१ पुस

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले देशभक्त, प्रगतिशील र जनवादी शक्ति एकजुट भएकाले प्रतिक्रियावादीहरु आतङ्कित भएका बताउनुभएको छ।

आइतबारदेखि च्यासलमा सुरु भएको एमाले केन्द्रीय कमिटीको आठौं बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले प्रतिक्रियावादीहरु एमालेविरुद्ध झुठा प्रचारमा लागेका टिप्पणी गर्नुभयो। एमालेको लोकप्रियता देखेर त्यसलाई क्षीण पार्ने तथा एमालेलाई बदनाम गर्न विरोधीहरु लागेका बताउँदै अध्यक्ष ओलीले एकताबद्ध भई झुठा प्रचार चिरेर पार्टीलाई निर्णायक शक्ति बनाउन जनस्तरमा लाग्न पार्टीका सबैलाई आग्रह गर्नुभयो । "हामी विरोधीका आरोपमाथि चुप लागेर बस्नु हुँदैन। चुप लागेर बस्नुपर्छ भन्ने कमजोर धारणा हो । विरोधीका आरोपबारे तथ्यका आधारमा खण्डन गर्नुपर्छ। हाम्रा सबै सङ्गठनहरु उत्साहित भएर व्यक्ति-व्यक्ति र घरघरमा पुग्नुपर्छ। वैचारिक कामलाई उत्तिकै महत्व दिनुपर्छ", अध्यक्ष ओलीले भन्नुभयो, "पार्टीभित्र गुटबन्दी र अराजकता अन्त्य गर्नैपर्छ। लोकतन्त्रका नाममा पार्टीभित्र गुटबन्दी गरेर भाँडभैलो मच्चाउने कार्यले पार्टीलाई बलियो बनाउँदैन । बहकाउमा लागेर होइन, एउटै नीतिमा अडिग भएर पार्टी र देशको स्वार्थलाई केन्द्रमा राखेर हामी अगाडि बढ्नुपर्छ।"

पार्टीका आन्तरिक विषय सार्वजनिक खपतका लागि प्रस्तुत नगर्न आग्रह गर्दै अध्यक्ष ओलीले पार्टीलाई विभाजन गरेर वा सिध्याइयो भनेर खुसी मनाउ गर्नेहरु पश्चाताप गरिरहेका टिप्पणी गर्नुभयो । बैठकमा अध्यक्ष ओलीले प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदनमा नयाँ राजनीतिक मार्गचित्र, एमाले र नेपाली कांग्रेससँगको गठनबन्धनको आवश्यकता, औचित्य र अवसर, वर्तमान गठनबन्धनपछिका छ महिना, बदलिँदो विश्व परिवेश र मुलुकको पराराष्ट्र नीति, स्थानीय तह उपनिर्वाचनको समीक्षा र निर्णायक राष्ट्रिय शक्तिको निर्माणलाई समेट्नुभएको छ।

नयाँ सरकार गठनपछि राजनीतिक स्थायित्वको सन्देश प्रवाह भएको, साझा नीतिगत प्रतिबद्धता र सङ्कल्प जारी भएको, सरकार सञ्चालनमा सहजीकरणका लागि आवश्यक संरचना बनाइएको, अर्थतन्त्रमा सुधार आएको, सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन पारित भएको, राष्ट्रियहितको रक्षा र सन्तुलित बाह्य सम्बन्ध कायम गरिएको, सहकारी क्षेत्रको बेथिति अन्त्यगरी बचतकर्तालाई न्याय तथा अनियमिततामा संलग्नलाई सजाय गरिएको र विकास-निर्माणले गति लिएको मुख्य जानकारी गराउनुभयो।

# नेत्ररोग....

बताउनुभयो । उहाँले भन्नुभयो, "मानवीयसेवाकाक्षेत्रमारविशेषगरी आँखा उपचारमा गर्नुभएको योगदानको कदर गर्दै डा रुइतलाई पुरस्कृत गरेका हौं ।" पुरस्कृत व्यक्तित्व छनोटका लागि गुठीका अध्यक्ष फणिन्द्रराज कोइरालाको संयोजकत्वमा समाजसेवी, बुद्धिजिवीसहितको ६ सदस्यीय समिति गठन गरिएको थियो। छनोट समितिको सिफारिसलाई गुठीको बैठकले अनुमोदन गरी गत असार २७ गते पुरस्कृत व्यक्तित्वको नाम सार्वजनिक गरेको थियो।

यसअघि उक्त पुरस्कारबाट माइती नेपाल, राष्ट्रिय आविष्कार केन्द्र, सर्लाहीको पद्म भवानी नमूना विद्याश्रम र पोखराको विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समिति पुरस्कृत भइसकेका छन्।

**प्लाष्टिकको प्रयोग नगरौ, वातावरण स्वस्थ राखौं**

- प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन,
- यसले जमिन तथा जल प्रदुषण गर्दछ,
- प्लाष्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ,
- प्लाष्टिक जलाउदा वायुमण्डल प्रदुषित हुन्छ,
- खोलानाला वा समुद्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ,

त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# अन्नपूर्ण गाउँपालिकामा मौरी पालन तालिम शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस

प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद्को आङ्गिक शिक्षालय अन्नपूर्ण बहुप्राबिधिक शिक्षालयको आयोजनामा मौरी पालन तालिम शुरु भएको छ । तालिम अन्नपूर्ण गाउँपालिका ४ सल्यानमा पुस २१ गते आइतबारबाट शुरु भएको छ। तालिम ६५ दिन (३९० घण्टा) सम्म सञ्चालन हुने शिक्षालयका प्रमुख बिकल अधिकारी जानकारीश दिनुभयो।



उहाँले तालिम यस अगाडि पनि सञ्चालन गदै आइरहेको बताउदै यस्ता तालिमा लाई निरन्तरता दिइने उल्लेख गर्दै बिद्यार्थीहरुलाई स्वरोजगार बन्न सहयोग पुर्‍याउने बताउनुभयो । कार्यक्रमको उद्घाटन शत्रमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि अन्नपूर्ण गाउँपलिकाका अध्यक्ष बिष्णु बहादुर केसीले गाउँपालिकाले कृषि र पशुपालन शिक्षामा जोड दिइएको उल्लेख गर्नुभयो।

उहाँले तालिममा सहभागिहरुको लागि अनुदान स्वरुप मौरीका घार उपलब्ध गराउने प्रतिबद्धता ब्यक्त गर्नुभयो। साथै उहाँले यस क्षेत्रलाई मौरी पालन पकेट क्षेत्र बनाउनु पर्नै बताउनुभयो। यस्तै कार्यक्रममा वडा नम्बर ४ का वडा अध्क्षय आन्दल गुरुङले मौरी पालनलाई ब्यवसायिक बनाउँदै आर्थिक उन्नतिमा लाग्न बिद्यार्थी तथा किसानहरूलाई आग्रह गर्नुभयो। तह १ अर्न्तरगत दिइने मौरी पालन तालिममा २० जना बिद्यार्थी सहभागि रहेको छ। यस्तै तालिमको मुख्य प्रशिक्षकको रुपमा जगन्नाथ पौडेल र सहायक प्रशिक्षकमा बर्ष बिक रहनुभएको छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ईश्वरीय चिन्तनले मनलाई शान्त पार्दछ।

- प्रेमचन्द

## सम्पादकीय

# भ्रष्टाचारमा संलग्नलाई कठोर कार्वाही

पोखराको सुर्य दर्शन सहकारी ठगीको मुद्दामा कास्की जिल्ला अदालतमा थुनछेकको वहस चलिरहेको बेला कालीमाटीमा रहेको स्वर्णलक्ष्मी बहुउद्देश्यीय सरकारी संस्थाको रकम अपचलन गरेको आरोपमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसहित ४४ जनाविरुद्ध मुद्दा दर्ता भएको छ। जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले आइतबार जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंले पुस १८ गते रायसहितको अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयलाई बुझाएको थियो । उनीहरूविरुद्ध सहकारी ठगी,सङ्गठित अपराधको कसूरमा सजाय हुनुपर्ने मागसहितको प्रतिवेदन बुझाएको थियो। उक्त सहकारीबाट अपचलन भएको रकमसहित प्रहरीले १ अर्ब १९ करोड ४९ लाख २१ हजार २७० रुपैयाँ बिगो मागदावीसहितको प्रतिवेदन बुझाएको छ । स्वर्णलक्ष्मी सहकारीको रकम अपचलनमा संलग्न लामिछानेसहित जीबी राई, पूर्वडीआईजी छविलाल जोशी, जीबीको साढुभाई दीपक लामा, कोषाध्यक्ष कुमार रम्तेल र व्यवस्थापक नवीन अछामीसहितका ४४ जनालाई प्रतिवादी कायम गरिएको छ। उक्त सहकारी ठगी प्रकरणमा ६९० जनाले ९३ वटा जाहेर दिएका छन् । सहकारीमा ५ हजार ६६९ जना बचतकर्ताको २ अर्ब ६५ करोड ९५ लाख ५९ हजार ५८ रुपैयाँ अपचलन भएको प्रहरीको अनुसन्धानबाट खुलेको छ।

सहकारीबाट गोर्खा मिडिया नेटवर्क प्रालिमा ६४ करोड ८३ लाख ३८ हजार ४ सय ६५ रुपैयाँ कारोबार भएको प्रहरीको अनुसन्धानले देखाएको छ। यस्तै विद्यार्थी नेता दिपेश पुनकी पत्नी सविना आले मगरलाई उक्त मुद्दामा प्रतिवादी कायम गरिएको छ। उक्त सहकारीबाट ऋण लिएका अन्य एक दर्जन संघसंस्थालाई पनि प्रहरीले प्रतिवादी बनाएको छ। रकम अपचलन भएको सहकारीबाट गोर्खा मिडिया नेटवर्क प्रालिमा ६४ करोड ८३ लाख ३८ हजार ४ सय ६५ रुपैयाँ कारोबार भएको प्रहरीको अनुसन्धान खुलेको छ।

पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा रास्वपा सभापति एवं गोरखा मिडिया नेटवर्क प्रालिका पूर्वप्रबन्ध निर्देशक लामिछानेसहित गोरखा मिडियाकै पूर्वउपाध्यक्ष एवं पूर्व डीआईजी छविलाल जोशीलगायत सातजनाको मुद्दामा कास्की जिल्ला अदालतमा थुनछेक बहस जारी छ। सहकारी ठगीमा संलग्न भएकाहरुप्रति सरकारले संसदीय छानबिन समितिको प्रतिवेदनका आधारमा कार्वाही चलाएको छाराजनीतिक र आर्थिक मुद्दामा शुद्धता माग गर्दै गठन भएको पार्टीको प्रमुख एकपछि अर्को सहकारी ठगीमा संलग्नता देखिनु विडम्बना हो। भ्रष्टाचारको विरोधमा गठन भएको पार्टीका मुल नेता र सहयोगी सहकारी ठगी लगायत आर्थिक हिनामिना गरेको छानबिन प्रतिवेदनले देखाउनु ‘जो चोर उस्कै ठूलो स्वर’ भने जस्तै हो। सहकारी होस या अन्य जुनसुकै अनियमितता र भ्रष्टाचारमा संलग्नलाई कठोर कार्वाही हुनुपर्छ। भ्रष्टाचारीलाई राजनीतिक आडमा उन्मुक्ति खोज्ने र कार्वाहीलाई कमजोर बनाउन खोज्नेप्रति सबैले खबरदारी गर्नुपर्छ। भ्रष्टाचारका विरुद्ध अदालतले गर्ने सजायले मात्र भ्रष्टाचारीको मनोबल कमजोर बनाउन सक्छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाव | धनु | : कार्यमा सफलता |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# यु-१९ महिला विश्वकप खेल्ने नेपाली टोली घोषणा

**रासस**
काठमाडौं, २१ पुस

नेपाल क्रिकेट सङ्घ (क्यान)ले एसिसी यु-१९ महिला विश्वकप प्रतियोगिताका लागि नेपाली टोली घोषणा गरेको छ । क्यानले पूजा महतोको कप्तानीमा शनिबार १५ सदस्यीय टोली घोषणा गरेको हो।

नेपाली टोलीका अन्य खेलाडीमा सोनी पाखिन (उपकप्तान), साना प्रविन, ज्योत्सिन्का मरासिनी, कुसुम गोदार, सावित्रा धामी, कृश्मा गुरुङ, रिया शर्मा, सिमाना केसी, स्नेहा महरा, किरणकुमारी कुँवर, रचना चौधरी, तृष्णा विक, अनु कडायत र एलिसा कुमारी यादव रहेका छन्।

गत महिना भएको यु-१९ एसिया छनोटमा च्याम्पियन बन्दै नेपालले विश्वकपमा स्थान बनाएको हो । यु-१९ विश्वकप आगामी माघ ५ देखि २० गतेसम्म मलेसियामा हुँदै छ। उक्त प्रतियोगितामा १६ टोली सहभागी हुने छन् । नेपाल समूह ‘डी’ मा रहेको छ। उक्त समूहमा बङ्गलादेश, अस्ट्रेलिया र स्कटल्याण्ड समेत रहेका छन्। नेपालले पहिलो खेल माघ ५ गते बङ्गलादेशसँग खेल्ने छ। नेपालले दोस्रो खेल माघ ७ गते स्कटल्याण्डसँग तथा तेस्रो खेल माघ ९ गते अस्ट्रेलियासँग खेल्ने तालिका छ।

# म्याग्दीको रत्नेचौरका तोरीबारीमा टिकटक बनाउने भीड

**रासस**
काठमाडौं, २१ पुस

केही वर्षअघिसम्म रातो माटो र कृषि उत्पादनमा आश्रित म्याग्दीको बेनी नगरपालिका-१ मा पर्ने रत्नेचौर गाउँ अहिले जिल्लाकै प्रसिद्ध पर्यटकीय गाउँका रूपमा चिनिन थालेको छ।

कात्तिकदेखि माघसम्म यहाँ आन्तरिक तथा बाह्य पर्यटकको लर्को लाग्ने गर्दछ। कात्तिक-मङ्सिरमा रत्नेचौरको फाँटमा झुलेका धानसँगै पृष्ठभूमिमा धवलागिरि हिमाल, म्याग्दी, बागलुङ र पर्वतका ग्रामीण भेगको दृश्यावलोकन तथा पुस-माघमा पहेँलै फुलेको तोरीको आकर्षक दृश्य हेर्दै रमाउन र वनभोज खानका लागि यहाँ पर्यटकको भीड लाग्ने गर्छ । सदरमुकाम बेनी र बागलुङको बीचमा रहेको भाइरल गाउँ रत्नेचौरको तोरी बारीमा रमाउँदै टिकटक र भिडियो बनाउन यतिबेला यहाँ थोगी नसक्नुको भीड छ। पुस लागेयता यहाँ रमाउन र वनभोज खान १२ हजारभन्दा बढी पर्यटक आएका स्थानीय अगुवा भरत केसीले जानकारी दिनुभयो।

उत्तरतिर हेर्दा चाँदीझैँ टल्किने सेता हिमशृङ्खला। पूर्वतर्फ मोहोडा भएको समथर फाँटमा पहेँलै भएर फुलिरहेको तोरी र फाँटको बीचमा चिटिक्क परेको कालोपत्र सडकमा रमाउन पुस लागेयता दैनिक सयौँ पर्यटक आउने गरेका केसीले बताउनुभयो । अहिले पहेँलपुर तोरीबारीले रत्नेचौर झकिझकाउ बनेको छ। उत्तरतर्फ मनोरम धौलागिरि हिमशृङ्खलाको दृश्य, हरियाली फाँट र तोरी फुलेर पहेँलपुर वातावरणले यस क्षेत्रको प्राकृतिक सुन्दरतालाई थप निखार दिएको पर्वत कुश्माका हरिश गौतमले बताउनुभयो । रत्नेचौरबाट संसारको सातौँ अग्लो धवलागिरि हिमाल (८,१६७ मिटर) स्पष्ट देखिन्छ । यस्तै, समथर भूभागमा फुलेका तोरीबारीसँगै बेनी-बागलुङ सडकखण्डको कालोपत्र गरिएको चिल्लो सडकले थप आकर्षण प्रदान गरेको छ । तोरीबारीमा मौरी र भमरा रस चुस्दै गरेका रमाइला दृश्यले गाउँलाई जीवन्त बनाएको छ। बारीको छेउकुना तथा सडकको दायाँबायाँ मानिस तोरीबारी र हिमाल हेर्दै रमाइरहेका देखिन्छन् । पहेलैं फुलेको तारीको बीचबीचमा हुर्कँदै गरेको गहुँको हरियालीले यहाँ आउने सबैको ध्यान खिचेको छ। रत्नेचौर फाँटमा गहुँ र तोरी झुलिरहेको छ। झुलिरहेको गहुँ र तोरीको सौन्दर्यमा युवायुवती र सर्वसाधारण टिकटक बनाउन, नाच्दै रमाउन व्यस्त छन्।

रत्नेचौर-अर्जम-ज्यामरुककोट सडकखण्डको कालोपत्र सडकको दायाँ र बायाँतर्फ खेतको फाँटमा फुलेको तोरी, खुलेको हिमाल र चिल्लो सडकलाई पृष्ठभूमिमा पारेर फोटो खिचाउन र टिकटक बनाउन यहाँ दैनिक सयौँ पर्यटक आउने गरेको स्थानीयवासी नेत्रबहादुर महतले बताउनुभयो । उहाँले भन्नुभयो, “रत्नेचौर पर्यापर्यटनको आकर्षक स्थल बनेको छ । रत्नेचौरको मौलिकतालाई जोगाएर कृषि पर्यटकीय गाउँ बनाउन यहाँका स्थानीय लागिपरेका छन् ।” केही वर्ष अगाडिसम्म सुनसान रत्नेचौरको सडक कालोपत्र भएपछि तोरीबारीमा बसेर फोटो, भिडियो खिच्न विभिन्न स्थानबाट सवारीसाधनको प्रयोग गरी आउने गरेका छन्। शुक्रबार, शनिबार र सार्वजनिक बिदामा अन्य दिनमा भन्दा बढी भीड लाग्ने गरेको छ । म्याग्दी, बागलुङ र पर्वतका विभिन्न क्षेत्रबाट एकैपटक घुम्न आउनेहरूको भीड व्यवस्थापन गर्न हम्मेहम्मे पर्ने गरेको स्थानीय सन्तोष महतले बताउनुभयो।

रत्नेचौर र बागलुङको कुडुले (फेदी) जोड्ने तीन सय ८८ मिटर लामो झोलुङ्गे पुल पनि यहाँ आउने पर्यटकका लागि अर्को आकर्षण बनेको छ । “पुलमा खेल्न, तोरीमा रमाउन र वनभोज खान मानिस आउन थालेपछि थामिनसक्नुको भीड हुने गरेको छ” स्थानीय महतले बताउनुभयो । वरिपरिको हरियाली तथा मुसुक्क मुस्कुराइरहेको धवलागिरि हिमालको दृश्यका साथै समथर फाँटको पहेँलपुर तोरीले पर्यटन प्रवर्द्धन गर्नुका साथै स्थानीयको व्यापारमा पनि सघाएको निवर्तमान वडाध्यक्ष टेकबहादुर थापाले बताउनुभयो । तोरी उत्पादन क्षेत्र बनाएर राष्ट्रियस्तरमै पर्यटकीय हिसाबले पनि अहिलेको मौसमका बेलामा प्रवर्द्धन गर्न सकिने हुँदा लोकल तोरीको पनि प्रवर्द्धन हुने र व्यापक रूपमा पर्यटक भित्र्याउन सकिने थापाको भनाइ छ।

## सार्वजनिक सूचना

पोखरा महानगरपालिका-३३ भरतपोखरी निवासी काशीराम पौडेल (ना.प्र.नं. १२६५०१) को नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ३३ को कित्ता नं. ३३७७ को क्षेत्रफल ०-५-२-२ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तर तर्फ कि.नं. ३४१८ को सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ३३ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

# श्री गाउँ विकास सहकारीको साधारणसभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस




श्री गाउँ विकास समाज बहुमुखी सहकारी पोखरा १६ बाटुलेचौरको २६ औं साधारण सभा सम्पन्न भएको छ।

सहकारीले सामाजिक सेवा सम्मानबाट समाजसेवी पुष्पराज अधिकारी र सहकारी विकासमा योगदान पुर्याएका दुर्गालाल श्रेष्ठलाई सम्मान गरेको छ। उनीहरूलाई कार्यक्रमका प्रमुख अतिथी पुर्व वडाध्यक्ष दान वहादुर बानियाँ, सल्लाहकार दुर्गा केसी , अध्यक्ष कर्णबहादुर खड्का र संस्थापक अध्यक्ष कुञ्जराज थापाले मायाको चिनो, सम्मान पत्र र सल ओढायर सम्मान गरे । कार्यक्रममा सहकारीले उत्कृष्ट वचत कर्ता हरि कुमारी गुरुङ, उत्कृष्ट कारोबार गर्ने हिमलाल पौडेल, दैनिक बचतकर्ता कृष्ण थापालाई पनि सम्मान गरेको सहकारीका व्यवस्थापक मोहन वहादुर थापाले जानकारी दिए। यसअघि सभाको उद्धाटन गदै पुर्व वडाध्यक्ष दान वहादुर बानियाँले सहकारीको सिद्धान्त र शेयर सदस्यको सम्वनयमा संचालित सहकारी सदैव उत्कृष्ट रहने बताए । सहकारीका अध्यक्ष कर्णबहादुर खड्काको अध्यक्षतामा भएको कार्यक्रममा संस्थापक अध्यक्ष कुञ्जराज थापा, गरिमा विकास बैंक बाटुलेचौर शाखा प्रमुख सुरज बराल, बाटुलेचौर कालीलेक सहकारीका अध्यक्ष बसन्त तिमिल्सिना, हितैषी सहकारीका अध्यक्ष मदन आचार्य, ऋण उपसमितिका संयोजक गोविन्द बहादुर थापा, ऋण असुली उपसमितिका संयोजक बलबहादुर थापा, सहकारीका सल्लाहकार चित्र थापा, मैदान आमा समूहका अध्यक्ष ज्योति बस्नेत र सहकारीका व्यवस्थापक मोहन वहादुर थापाले सहकारीका विषयमा बोलेका थिए । सभाले संयोजक कुल बहादुर खत्रीको लेखा प्रतिवेदन, सचिव योगेन्द्र वहादुर वस्नेतको प्रगति प्रतिबेदन र कोषाध्यक्ष सुशील वस्नेतले पेश गर्नुभएको बार्षिक प्रतिवेदन पास गरेको छ । सल्लाहकार राम वहादुर बानियाँले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन सदस्य मनु वस्नेतले गर्नुभएको थियो।

# स्याङ्जाली दिदीबहिनी एकता समाजको वार्षिक साधारण सभा पोखरामा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस



स्याङ्जा घर वा माइत भैं पोखरामा विभिन्न पेसा व्यवसाय तथा बसोबास गर्दे आउनु भएका महिला दिदी बहिनीहरू आबद्ध स्याङ्जाली दिदी बहिनी एकता समाजको तेस्रो वार्षिक साधारण सभा तथा वनभोज कार्यक्रम पोखरामा सम्पन्न भएको छ।

साधारण सभाको उद्धाटन गर्दे पोखरा महानगर पालिका वडानम्बर १७ का वडाध्यक्ष राधिका शाही योगीले महिलाहरूको नेतृत्व विकासको लागि यस्तो समाजले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनु भयो । उद्यमी बन्न चाहने ३० जना महिलाहरूलाई वडाको तर्फ बाट तालिम प्रदान गर्न लागिएको बताउनु भयो । महिलाहरूलाई हरेक क्षेत्रमा नेतृत्व लिन आग्रह गर्दे उहाँले आगामी निर्वाचनमा पोखराका धेरै वडाहरूमा महिला अध्यक्ष आउनु पर्नेमा बताउनु भयो । ।पोखरा महानगरमा कार्यरत कपिल गिरीले स्याङ्जाली दिदी बहिनी एकता समाजलाई प्रपोजल लेखन देखि सबै दिदी बहिनी अट्ने विधान बनाउन सहयोग गर्ने बताउनु भयो । पोखरा टेलिभिजनका समाचार प्रमुख घनश्याम पाण्डेले समाजले एक आपसमा चिनजान सहित महिलाहरूको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याएको भन्दै मिडियाको तर्फबाट समाजले गरेर कार्यक्रममाहरुमा प्रचार प्रसारमासक्दोसहयोगगर्नेबताउनु भयो । लोकदोहोरी कलाकार एवं समाजका सल्लाहकार सिता केसी लगायतले बोल्नु भएको कार्यक्रममा सचिव सपना गिरी, कोषाध्यक्ष सन्तु पौडेलले प्रस्तुत गर्नुभएको सचिव र कोषाध्यक्षको प्रतिवेदन सर्वसम्मत पारित गरि सम्पन्न भएको छ। समाजका अध्यक्ष संगिता पाण्डेले ७ जना बाट सुरु गरेको समाजमा अहिले १ सय ३५ सदस्यीय भएको बताउनु भयो । कार्यक्रममा आजीवन सदस्य हुनु भएका २१ जना लाई प्रमाण पत्र वितरण गरिएको थियो।

# राधाकृष्ण गुरुकुलका लागि एक लाख पाँच रुपैयाँको अक्षयकोष सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २१ पुस



पोखरा महानगरपालिका वडा नं ३२ लामेआहालमा सञ्चालित राधाकृष्ण गुरुकुल संस्कृत विद्यालयका लागि अद्वैत ज्ञान मार्ग शुक्लागण्डकी नगरपालिका वडा नं ४ दुलेगौडा तनहुँले एक लाख पाँच रुपैयाँ अक्षयकोष रकम सहयोग गरेको छ।

राधाकृष्ण मन्दिर शान्ति आश्रममा आयोजित एक कार्यक्रमका बीच संस्थाका तर्फबाट उक्त रकम बराबरको चेक हस्तान्तरण गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि राधाकृष्ण मन्दिर शान्ति आश्रमका महन्त प्राज्ञ मुकुन्दशरण उपाध्यायले यस्ता सहयोगले गुरुकुलको सञ्चालनमा महत्वपूर्ण सहयोग पुग्ने बताउँदै सहयोगका प्रति आभार व्यक्त गर्नुभयो । सहयोगी एवम् सहभागीलाई स्वागत गदै राधाकृष्ण मन्दिर शान्ति आश्रमका सचिव एवम् विद्यालय व्यवस्थापन समितिका सदस्य घनश्याम खनालले गुरुकुलको सुव्यवस्थित एवम् दीगो सञ्चालनका लागि यस्ता सहयोगहरू आवश्यक भएको धारणा राख्नुभयो । कार्यक्रममा अद्वैत संस्थाका तर्फबाट अद्वैत ज्ञान मार्ग नेपालका बरिष्ठ सल्लाहकार सोमप्रसाद पौडेल, संरक्षक ठाकुरप्रसाद वाग्ले शास्त्री, अध्यक्ष सुवेदार डिलकुमार श्रेष्ठ, वेलचौतारा शाखा प्रमुख भगवती लामिछाने, कल्पवृक्ष शाखा सचिव कान्ता भट्टराईको उपस्थिति थियो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र रेग्मीको सभापत्वि एवम् विद्यालयका प्रधानाध्यापक प्रकाश उपाध्याय रेग्मीद्वारा सञ्चालित कार्यक्रममा अक्षयकोष सहयोगका लागि विद्यालय व्यवस्थापन समितिका सदस्य माधवशरण उपाध्यायले समन्वय गर्नुभएको थियो । उक्त अवसरमा विद्यालय व्यवस्थापन समितिका सदस्य विष्णुबहादुर बस्नेत, हरिराज घिमिरे लगायतको उपस्थिति थियो।

